झिमरुक गाउँपालिका
JHIMRUK RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
भ्यागुते, प्युठान
BHYAGUTE, PYUTHAN

लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

पत्र संख्या. २०८३/८४
चलानी नं.

मितिः-२०८३/०५/२२ गते
नेपाल सम्वत ११४६, गुँलागा

## प्रेस विज्ञप्ती

यहि २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको वाढीको कारण रसुवा, नुवाकोट, धादिङ्ग र चितवन जिल्लाका तटिय क्षेत्रमा रहेका वस्तीहरुमा ठूलो जनधनको क्षति हुन जाँदा सिङ्गो राष्ट्र स्तव्ध भएको छ। हाम्रो झिमरुक गाउँपालिका वडा नं १,२ र ३ का स्थायी वासिन्दा भै रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिकामा कार्यरत आ.ले.प. प्रकाश जि.सि., रसुवागढी पोस्टमा कार्यरत प्रहरी जवान राजेन्द्र महतरा र सान्जेन हाईड्रोमा कार्यरत प्राविधिक प्रताप एम.सी. ३ जना मध्ये प्रताप एम.सी. सम्पर्कमा आई निजले काम गर्ने हाईड्रोमा काम गरिरहेको अवस्था छ । झिमरुक गा.पा. १ सौतामारे वस्ने प्रकाश जि.सी. र वडा नं. २ मुलपानी वस्ने राजेन्द्र महतरा हाल सम्म पनि सम्पर्कमा आउन सक्नु भएको छैन ।उक्त घटना घटि सकेपछि पालिकाको तर्फवाट गोसाइकुण्ड गाउँपालिकाका अध्यक्षज्यू, रसुवाका प्रमुख जिल्ला अधिकारीज्यू, प्रहरी प्रमुखज्यू र प्रशासकिय अधिकृतज्यू लगायतका सरोकारवालाहरु सँग लगातार रुपमा सम्पर्क गरिरहेका छौं ।उल्लेखित दुवै जना रहेका कार्यालय भवन वाढीले पुरेको/वगाएकोले एक्साभेटर प्रयोग गरेर उत्खनन गर्न सुझाव पेश गरेका छौं ।उल्लेखित स्थानहरुमा दलदल हिलो भएको कारण हेभी इक्कुमेन्ट र अन्य उद्धारका औजार/मेसिन पुराउन कठिनाई भएको जानकारी प्राप्त भएको छ ।

अर्को तर्फ पिडितहरुका घरपरिवारमा समेत पुगेर सान्त्वना दिने काम भैरहेको छ । राष्ट्रिय शोकको यस घडीमा १३ औं दिनको पूण्य तिथिमा दिवगंत हुनु भएका नागरिकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवार तथा आफन्तजनहरु प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । वेपत्ताहरुको हकमा हामि सवैको तर्फवाट खोजतलास अभियान लाई तिव्र पार्दै सकुशल उद्धार गर्ने वातावरण वन्दै जाओस भन्ने आशाका साथ घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

झिमरुक गाउँपालिका स्थायी ठेगाना भई हाल वेपत्ता रहनु भएका २ जना प्रकाश जि.सी. र राजेन्द्र महतराको डि.एन.ए. परिक्षणको लागि दुवैजनाको आमा र वुवाले महाराजगन्ज प्रहरी हस्पिटलमा रगत बुझाई सक्नु भएकोले त्यसको रिपोर्ट आए पछि प्रकृया पुऱ्याई डि.एन.ए. परीक्षण गरेपछी मात्र वास्तविक अवस्थाको पुनः जानकारी र निरन्तर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष

"झिमरुक गाउँपालिकाको समृद्धिको आधार: व्यवसायिक कृषि, पर्यटन तथा वाणिज्य, सुरक्षित आवास र पूर्वाधार"

इमेल :jhimrukmun@gmail.com , info@jhimrukmun.gov.np वेवसाइट: jhimrukmun.gov.np